# चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ६, संख्या १ मितिः २०८०/०३/१०**

## भाग २


स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति** : २०८०/०३/०९ **प्रमाणिकरण मिति** : २०८०/०३/०९

### चम्पादेवी गाउँपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

कोशी प्रदेशको “स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०” मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

“स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०” को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी चम्पादेवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नामः "चम्पादेवी गाउँपालिकाको कर्मचारीको लागि तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले **चम्पादेवी गाउँपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०** लाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) कर्मचारी भन्नाले चम्पादेवी गाउँपालिकाको स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम चम्पादेवी गाउँपालिकामा समायोजन भएका साथै संघीय तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई चम्पादेवी गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी समेत लाई जनाउदछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चम्पादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

(ज) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४, दफा ८ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

३. **सूचना प्रकाशन गर्ने** (१) यो कार्यविधि बमोजिम चम्पादेवी गाउँपालिका अन्तर्गत स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धिको लागि कार्यालयले एक महिना अगावै दरखास्त आव्हानको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा १ बमोजिम दरखास्त दिदा अनुसूची -१ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी तोकिएको म्यादभित्र गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिनुपर्नेछ ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपि,

ख) हालको पदमा तह वृद्धि/बढुवा भएको भए सो को प्रतिलिपि,

ग) समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीको हकमा मात्र),

घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

ङ) न्युनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ

४. **सिफारिस समितिः** (१) अध्यादेशको दफा ४ (५), दफा ८(१६) र दफा २८ बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न अध्यादेशको दफा २८ को उपदफा ३ बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **समितिको काम कर्तव्य र अधिकार** : (१) सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(क) तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

(ख) आवेदन पेशका लागि सूचना प्रकाशित गर्ने ।

(ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(घ) यस कार्यविधि भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तरवृद्धिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने ।

६. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्ष कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछः-

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता अध्यादेशको दफा २९ बमोजिम हुनेछ ।

७. **तह वृद्धि सम्बन्धी बिशेष व्यवस्था** : (१) अध्यादेशको दफा ८(१४) बमोजिम चौथो तहका सहायक कम्प्यूटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तहबृद्धिको निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(१) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ बर्ष पुरा गरेका पाचौ, सातौ र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमश क्रमस छैटौ, आठौ र दशौ तहमा एक तह बृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृतस्तर सातौं र नवौ तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्ने छ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षा द्धारा स्थानीय सेवाको छैटौ तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक याग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरि दिने । यसरी सातौं तह कायम गर्नुपूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(६) <u>कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः</u> कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थनीय तहमा तह बृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधीकार रहेको कार्यालयमा तह बृद्धि गरिने छ ।

८. **तह बृद्धि गर्न नहुने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा तह बृद्धि वा बढुवा रोक्का भएको अवधिभर

(ग) तलबबृद्धि रोक्का भएकोमा तलबबृद्धि रोक्का भएको अवधिभर र

(घ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर ।

९. **तह बृद्धि पत्रः** प्रमुख प्रशासकीय अधिकृत/अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई अनुसूची -२ अनुसारको ढाँचामा तह बृद्धिको पत्र दिनु पर्नेछ ।

१०. **तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः** (१) यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी गाउँपालिकाले तलब मिलान गर्नु पर्नेछ।

(२) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा सुविधा कानून बमोजिम हुनेछ।

११. **जेष्ठता कायमः** (१) तह बृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक बर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गर्नु पर्नेछ ।

(२) यस दफामा यन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संघिय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम सातौं तहमा तह कायम गरिएका कर्मचारीको छैटौं तहको सुरु नियुक्ति मिति देखि नै जेष्ठता कायम हुनेछ ।

१२. **उजुरी/गुनासो** : तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१३. **जानकरी दिनु पर्ने** : यस कार्यविधि बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१४. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यापालिकामा रहनेछ ।

१५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ३ सँग सम्बन्धित)

## तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

तह वृद्धि सिफारिश समिति

विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सिफारीश समितिको मिति ............................ गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

तपसिल

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि,
२. हालको पदमा तह वृद्धि/बढुवा भएको भए सो को प्रतिलिपि,
३. समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीको हकमा मात्र),
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
५. न्युनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तहः | समायोजन मिति |
| सेवाः | कर्मचारी संकेत न. |
| समुहः | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ९ सँग सम्बन्धित)

**<u>तह कायम/बृद्धि पत्रको ढाँचा</u>**

प स

च न मिति...................

**विषयः .........तहमा तह बृद्धि/कायम गरिएको सम्बन्धमा।**

महाशय,

तपाईलाई कोशी प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ...... को उपदफा ..... र चम्पादेवी गाउँपालिकाको कर्मचारीको तह बृद्धि सम्बन्धि कार्यविधि को दफा २०८० ,..... उपदफा ........ मा भएको व्यवस्था बमोजिम यस कार्यालयको मिति ..................... गतेको तह बृद्धि निर्णयानुसार शुरु नियुक्ति मिति/प्रचलित कानून बमोमजि जेष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तह बृद्धि गरि ......तह कायम गरिएको छ ।

..........तह कायम हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

तपसिल :

| **साविकको सेवा/समूह, तह र पद** | **हाल कायम गरिएको सेवा/समूह, तह र पद** |
|---|---|
| पदः<br>तहः<br>सेवा:<br>समुहः<br>कार्यरत कार्यालय : | पदः<br>तहः<br>सेवा::<br>समुह<br>कार्यरत कार्यालय : |

**श्री ................**

कर्मचारी सकेत नम्बर

**<u>बोधार्थ :</u>**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना(निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।

श्री प्रदेश किताबखाना, विराटगनगर मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुंगा ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।

श्री आर्थिक प्रशासन शाखा, चम्पादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।